<u>बैठक संख्या: ९</u>

आज मिति २०८०।११।१३ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |
| श्री किशोरराज भट्टराई | प्रशासन प्रमुख |
| श्री रामजी थापा त्रिपाठी | इन्जिनियर |

बैठक मिति :२०८०।११।१३

<u>निर्णयहरु</u> :

**१. प्रदेश विशेष अनुदान तर्फका योजना/कार्यक्रम छनौट सम्वन्धमा।**

आ.व.२०८१/०८२ को लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान अन्तर्गत देहायबमोजिमका योजना/कार्यक्रम छनौट गरी लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयमा सिफारिस सहित पठाउने निर्णय गरियो।

<u>प्रदेश विशेष अनुदान</u> :-

- देविपुर खानेपानी योजना, वडा नं.-८ — रु.१५ लाख
- आधारभूत अस्पताल चन्द्रौटा स्तरोन्नती, वडा नं.-५ — रु.१५ लाख
- समयथान मा.वि.खरेन्द्रपुर अधुरो भौतिक पूर्वाधार निर्माण, वडा नं.-४ — रु.१० लाख
- लालपुर स्वास्थ्य चौकी अधुरो भवन निर्माण, वडा नं.-१० — रु.१० लाख

उल्लेखित रकमका अतिरिक्त समयथान मा.वि.खरेन्द्रपुर अधुरो भौतिक पूर्वाधार निर्माण र लालपुर स्वास्थ्य चौकी अधुरो भवन निर्माणको लागि अपुग हुने रकम सम्वन्धित वडा कार्यालयहरुले आगामी नगरसभाबाट वडा स्तरीय योजना/कार्यक्रम अन्तर्गत बजेट विनियोजन गरी सम्पन्न गर्ने निर्णय गरियो।

**२. निर्देशिका सम्वन्धमा।**

विधेयक समितिबाट सिफारिस भई आएको देहायबमोजिमको निर्देशिका स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

<u>तपशिल</u> :-

क. आधारभूत अस्पताल फार्मेसी सेवा संचालन निर्देशिका,२०८०

**३. पदपूर्ती समिति गठन सम्वन्धमा।**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रिक्त रहेको रोजगार संयोजक पदमा पदपूर्तीको लागि **रोजगार संयोजकको पदपूर्ती र सेवा सुविधा सम्बन्धि मापदण्ड,२०७६** को दफा ६ बमोजिम देहायबमोजिमको पदपूर्ती समिति गठन गर्ने निर्णय गरियो।

<u>तपशिल</u> :-

| | |
|---|---|
| श्री बाबुराम अर्याल (उप-सचिव)-ईलाका प्रशासन कार्यालय चन्द्रौटा | संयोजक |
| श्री ताराचन्द्र चौधरी (अधिकृत आठौं)- शिवराज नगरपालिका (विषय विज्ञ) | सदस्य |
| श्री बाबुराम पौडेल (प्रमुख प्रशासकीय अधिकृत)- शिवराज नगरपालिका | सदस्य-सचिव |

**४. झोलुङ्गे पुल क्षेत्रगत विकास कार्यक्रमको भुक्तानी सम्वन्धमा।**

झोलुङ्गे पुल क्षेत्रगत विकास कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं.११ मा निर्माणाधिण सिमरी सुवरबरहा बेलनदी झोलुङ्गे पुल निर्माण योजनाको हाल सम्म सम्पन्न कार्यको प्रथम रनिङ्ग विल वापतको रकम उपभोक्ता समितिलाई भुक्तानी दिने र उक्त योजनाको प्राविधिक कार्य (सर्भे,डीजाईन, लागत अनुमान) वापतको सम्झौता अनुसारको रकम लुम्बिनी एकिकृत विकास संस्था (लिडो-नेपाल) लाई भुक्तानी दिने निर्णय गरियो।

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा,कपिलवस्तु लुम्बिनी प्रदेश

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

बैठक मिति :२०८०।११।१३

**५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन सम्वन्धमा।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३५२, मिति २०८०/११/०६ र च.नं.४५२, मिति २०८०/११/०३ को परिपत्र साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगाल, काठमाण्डौबाट जारी विभिन्न सुझाव र निर्देशन सम्वन्धमा गहन छलफल गरी प्राप्त सुझाव तथा निर्देशनको पालना र कार्यान्वयन गर्ने निर्णय गरियो।

**६. योजना कार्यान्वयन सम्वन्धमा।**

यस नगरपालिकाकी चालु आ.व.२०८०/०८१ को नगरस्तरीय योजना तथा कार्यक्रम अन्तर्गत छन्द कालेबाबु आँखा अस्पताल बहादुरगंज भौतिक पूर्वाधार निर्माण शिर्षकमा रु.५ लाख बजेट विनियोजन भएको र सो आयोजना स्थल कृष्णनगर नगरपालिकाको भौगोलिक क्षेत्रमा पर्ने हुँदा उक्त योजना सम्वन्धित कृष्णनगर नगरपालिका मार्फत नै कार्यान्वयनको लागि पत्राचार गर्ने र कार्य सम्पन्न गरी प्राविधिक प्रतिवेदन पेश गरे पश्चात कृष्णनगर नगरपालिकाको खातामा रकम भुक्तानी दिने निर्णय गरियो।

**७. प्राविधिक कर्मचारी तालिम वापतको रकम भुक्तानी सम्वन्धमा।**

चालु आ.व.२०८०/०८१ को चालु तथा प्रशासनीक तर्फ वार्षिक स्वीकृत कर्मचारी तालिम प्राविधिक शिर्षकबाट यस नगरपालिकामा कार्यरत सिभिल प्राविधिक कर्मचारीहरुलाई सडक निर्माणको गुणस्तर तथा सुपरिवेक्षण सम्वन्धि तालिम संचालन गर्दा स्वीकृत बजेटमा रु.३५ हजार नपुग भएकोले उक्त नपुग हुने रकम सेवा तथा परामर्श शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**८. छाडा चौपाया व्यवस्थापन सम्वन्धमा।**

चालु आ.व.२०८०/०८१ को बार्षिक स्वीकृत गौमाता संरक्षण शिर्षकबाट यस नगरपालिका क्षेत्रभित्र रहेका छाडा पशु चौपायाहरुको व्यवस्थापनको लागि प्रस्तावना आह्वान गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख